श्री

उच्च अदालत पोखरा

संयुक्त इजलाश

**इजलाश नं. २**

माननीय न्यायाधीश श्री तेजबहादुर कार्की

माननीय न्यायाधीश श्री विनोद प्रसाद शर्मा

**फैसला**

**मुद्दा नं. 075-WO-0032**

**नि.नं. २९६**

**मुद्दाः- निषेधाज्ञा/परमादेश।**

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.७ बस्ने लिलाबहादुरको छोरा राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति नेपालका अध्यक्ष रामबहादुर पौडेल........................................................................१ } **निवेदक**

**विरुद्ध**

वडा अध्यक्ष पोखरा महानगरपालिका वडा समितिको कार्यालय वडा नं.६ बैदाम.....१

पोखरा महानगरपालिका...........................................................................१

पोखरा उपत्यका नगर विकास समितिको कार्यालय.......................................१

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कास्की...........................१

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश..........................१

रेवान पोखराका अध्यक्ष भीमसेन भन्ने बुधराज भुजेल......................................१

पोखरा पर्यटन परिषद, पोखरा महानगरपालिका वडा नं.६...............................१

ऐ. का अध्यक्ष चिरञ्जिवी पोखरेल...............................................................१

} **प्रत्यर्थी**

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्रको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-

**तथ्य खण्ड**

१. **रिट निवेदनको बेहोराः-**

कास्की जिल्ला अन्तर्गत पोखरा उपत्यकामा रहेको फेवाताल सर्वाधिक सुन्दरताको एक धरोहर हो। यसको वरिपरि रहेको रानीवन र तालको सिमसार क्षेत्र तथा यी क्षेत्रलाई आफ्नो वक्षस्थल राख्ने वसन्धरा पार्क र यसमा रहेका शिव भगवान लगायतका पौराणिक मूर्तिहरुले

यसलाई प्राकृतिक, साँस्कृतिक, पर्यटकीय मात्र नभएर धार्मिक क्षेत्रको रुपमा समेत परिचित गराएको छ। फेवातालको रानीवनमा मृग, बाघ, हरिण, खरायो लगायतका अन्य पशु तथा पंक्षीहरुको वासस्थान रहेको छ। वातावरणीय तथा पारिस्थितिक पद्धतिका हिसाबले अझ महत्वपूर्ण मानिएको फेवाताल वरिपरिको सिमसार क्षेत्रमा विश्वकै दुर्लभ मानिएका पंक्षी, जलचर र थलचरको वासस्थान रहेकोले रामसार महासन्धी अनुसार पोखराका अन्य क्षेत्रहरुसँगै यसलाई पनि सिमसार क्षेत्रमा सूचिकृत गरेर यसको महत्व अझ बढाएको छ। यस्तो बहुआयामिक दृष्टिले महत्वपूर्ण र संवेदनशिल क्षेत्रमा विरुद्ध खण्डका ६, ७ ८ नं. का संस्था तथा अध्यक्षले अङ्ग्रेजी नयाँ वर्षको पूर्व सन्ध्यामा अर्थात डिसेम्बर ३१ को मध्यरात अर्थात १ जनवरी को पूर्व सन्ध्यामा वडो आततायी आवाज आउने गरी बिष्फोटक पदार्थ पड्काई आतसवाजी गर्ने योजना बनाएको कुरा थाहा पाई म निवेदक सहितका व्यक्तिहरुले त्यसरी आतसबाजी गर्दा फेवातालमा रहेका जलचर र सिमसार क्षेत्रमा रहेका पंक्षी प्राणीहरु तथा रानीवनका संवेदनशिल र अप्राप्य जनावरहरुलाई दुष्प्रभाव पर्छ, त्यस्तो काम नगर्नुहोस्, नगराउनुहोस् भन्दा नगरी नछाड्ने भन्नुभयो। यस्तो वातावरणीय सन्तुलनका हिसाबले प्रतिकूलताको कार्य आफ्नो कानूनी अधिकार क्षेत्रको प्रयोग गर्न म समेतका नागरिक अगुवाहरुको डेलिगेशनले ध्यान आकर्षित गराउँदा समेत ती निकाय, कार्यालय र संस्थाका प्रमुखज्यूहरुले सो कार्यका विरुद्ध कुनै तत्परता नदेखाई निश्क्रियताको रवैया अपनाउनु भएकोले उपचारको अन्य वैकल्पिक माध्यम नभएकोले यो निवेदन प्रस्तुत गरेको छु। विस्फोटक पदार्थ ऐनले आतसवाजीलाई गैरकानूनी कार्य भनी उल्लेख गरेको छ। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वातावरण संरक्षण ऐन, २०५३, प्राचिन स्मारक संरक्षण ऐन तथा नेपाल पक्ष राष्ट्र भएको साँस्कृतिक तथा प्राकृतिक सम्पदाको रक्षा सम्वन्धी महासन्धी १९७२ समेतको संवैधानिक एवम् कानूनी व्यवस्थाले बिष्फोटक पदार्थ पडकाई आतसवाजी गर्ने कार्य रोक्ने दायित्व बिपक्षी खण्डका १, २, ३, ४ र ५ नं. का कार्यालय तथा संस्थामा रहेको देखिन्छ। यसै विषयमा मैले २०७१ सालमा दायर गरेको निवेदनमा छोटो समय भएकोले विपक्षीबाट काम सम्पन्न भइसकेको आधारमा रिट निवेदन खारेज भएको थियो। प्रस्तुत निवेदन नेपालको संविधानको धारा १४४ का आधारमा धारा १८, ३५, ३०, २६, ४८ समेतका आधारमा दायर गरिएको छ। यसमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १५५, १४९ समेत आकर्षित हुन्छ। अतः फेवाताल, रानीवन र सोको सिमसार क्षेत्रमा रहेका पारिस्थितिक पद्धतिहरुलाई प्रतिकूल असर गर्ने तथा बसुन्धरा, कोमागाने पार्क र केदारेश्वर मन्दिरको धार्मिक, साँस्कृतिक तथा पुरातात्विक अवस्थालाई खलल पार्ने र मानविय स्वास्थ्य र समग्र वातावरणीय पक्षमा नकारात्मक असर गर्ने कार्य नगर्नु, गर्न नदिनु भनी विपक्षीका नाउँमा निषेधाज्ञायुक्त परमादेश जारी गरिपाऊँ। साथै यो निवेदनको अन्तिम टुङ्गो नलगाउँदा सम्म यस्तो कार्य नगर्नु, नगराउनु भनी उच्च

अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अन्तरिम आदेश गरिपाऊँ भन्नेसमेत बेहोराको निवेदन पत्र।

२. **यस अदालतको आदेशः-**

यसमा के कसो भएको हो ? निवेदकको निवेदन मागबमोजिमको आदेश किन जारी गर्नु नपर्ने हो?जारी गर्नु नपर्ने कानूनसम्मत आधार र कारण भए सो समेत खुलाई यो आदेशसहितको सूचना प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ को ५ र ४.दिन भित्र विपक्षी नं (पन्ध्र) हकमा उच्च सरकारी वकिलकार्यालय पोखरा मार्फत र अन्य विपक्षीहरुको हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी वा वारेश मार्फत लिखित जवाफ पेस गर्नू भनी निवेदन र आदेशको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुको नाउँमा सूचना /म्याद जारी गरीलिखित जवाफ प्राप्त भएपछि वा अवधी पुगेपछि नियमानुसार पेश गर्नु। साथै निवेदकले अन्तरिम आदेश समेत जारी गरिपाऊँ भनी माग गरेकोमा दुवै पक्षहरु बीच छलफल गर्नु पर्ने देखिएकोले अन्तरिम आदेश जारी हुनु पर्ने हो वा होइ न? भन्ने सम्बन्धमा छलफल गर्न मिति २०७५।९।११ गतेको दिन पेशी तोको सो पेशीको दिनमा प्रमाण काजग सहित उपस्थित हुनु भनी विपक्षीहरुलाई जानकारी दिई नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०७६।६।६ को आदेश।

३. **पोखरा उपत्यका नगर विकास समितिको कार्यालयको लिखित जवाफः**

निवेदकले यस कार्यालयको काम कर्तव्य र अधिकार उल्लेख नगरी विपक्षी बनाइएको छ। निवेदकले उठाएको वातावरण र विस्फोटक पदार्थको नियन्त्रण गर्ने जिम्मा यस कार्यालयको नभएकोले यस कार्यालयलाई विपक्षी बनाएको हदसम्म सो रिट निवेदन खारेज भागी छ। खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको पोखरा उपत्यका नगर विकास समितिको कार्यालयको मिति २०७५।९।११ को लिखित जवाफ।

४. **यस अदालतको आदेशः-**

यसमा विपक्षी नं.६ ले विपक्षी नं.१ पोखरा महानगरपालिकालाई New year Eve पौष १३ देखि १७ गते २:०० बजे सम्म महोत्सव सञ्चालन गर्नको लागि अनुमति मागेको सम्वन्धमा विपक्षी नं.१ पोखरा महानगरपालिकाको च.नं.४९०८ मिति २०७५।८।१० को अनुमति सम्वन्धको पत्रमा अस्वाभाविक रुपमा ध्वनी प्रदुषण नगर्ने गरी लेकसाइडको शहिदचोक देखि डिहीको पाटन खहरे चोक सम्म र कोमागाने पार्कमा महोत्सवका विभिन्न कार्यक्रम गर्ने गरी २० औं पोखरा सडक, महोत्सव २०१८।१९ सञ्चालन गर्न अनुमति दिएको र नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकको व्यवस्था रहेको वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ मा वातावरणमा उल्लेखनिय प्रतिकूल प्रभाव पार्ने गरी वा जनजीवन वा जनस्वास्थ्यका लागि खतरा हुनसक्ने किसिमले प्रदुषण सृजना गर्न नपाइने भन्ने कानूनी

व्यवस्था भएको, विष्फोटक पदार्थ ऐन, २०१८ को दफा १० को उपदफा (१)(ग) मा आतसवाजी वा पटका पट्काएमा एक हजार रुपैयाँ सम्म जरिवाना हुनेगरी आससवाजी वा पटका पट्काउन रोक लगाइएको साथै पोखराको ड्याम साईड देखि फेवातालको पुरै एरिया सिमसारमा सूचिकृत भएको उक्त स्थानमा आतसवाजी वा पटका पट्काउँदा ध्वनी प्रदुषण भई वातावरणिय दृष्टिकोणबाट प्रदुषण भई सो क्षेत्रमा रहेका जलचर तथा स्थलचर जनावरहरु तर्सने भाग्ने र जन जीवन तथा स्वास्थ्यमा समेत असर पर्ने आशंका मेरो हेडलाइन डट कम, र सबैको आवाज उल्लेख भएको पत्र र प्रत्यर्थीहरुका कानून व्यवसायीहरुको बहसको क्रममा समेत अतिसवाजी गर्ने आशंका विद्यमान देखिंदा सुविधा र सन्तुलनको आधार समेतबाट New year eve को सन्दर्भमा हुने महोत्सव मिति २०७५।९।१३ देखि ऐ. १७ गते सम्म महोत्सव हुने स्थानमा कुनै किसिमका पटका वा अतिसवाजी नपडकाउनु, पडकाउन नलगाउनु भनी विपक्षीहरुका नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने यस अदालतको मिति २०७५।९।११ को आदेश।

५. **<u>उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश पोखराको लिखित जवाफः</u>**

यस मन्त्रालयको लगानी, योजना, अनुदान, निर्देशन र सहमतिमा निवेदनमा उल्लेख भएबमोजिमको कार्य गरिएको भन्न सकिने अवस्था छैन र यस मन्त्रालयले त्यस्तो लगानी, निर्देशन, योजना वा सहमति गरेको छैन। यस मन्त्रालय वातावरण संरक्षण र संवर्ध्दनमा सँधै क्रियाशिल रहेको छ। यस मन्त्रालयको के कस्तो काम कारवाहीबाट निवेदकको कुन् संवैधानिक हक प्रचलनमा समस्या आयो स्पष्ट रुपमा उल्लेख नगरिएबाट यस मन्त्रालयलाई विपक्षी बनाई रिट निवेदन गरेको हदसम्म सो निवेदन खारेज भागी छ। खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश पोखराको मिति २०७५।९।१३ को लिखित जवाफ।

६. <u>जिल्ला प्रशासन कार्यालय, कास्कीको लिखित जवाफः</u>

प्रस्तुत रिट निवेदनमा आतसवाजी रोक्ने सम्वन्धमा माननीय मुख्य मन्त्रीज्यू र जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढाको रोहवरमा बसेको बैठकमा उक्त मुद्दामा विपक्षी बनाइएका विपक्षी नं. ६ का रेवान अध्यक्ष भीमसेन भन्ने बोधराज भुजेल विपक्षी नं. ७ का पोखरा पर्यटन परिषद पोखरा महानगरपालिका वडा नं.६, विपक्षी नं.८ का पोखरा पर्यटन परिषदका अध्यक्ष चिरञ्जिवी पोखेल समेतसँग छलफल गर्दा कानूनबमोजिम आतसवाजी र पटका पड्काउन मिल्दैन। कानून विपरित पटका पड्काएका र आतसवाजी गरेमा आयोजकलाई कारवाही गरिने मौखिक जानकारी गराइएको हो। उक्त

निवेदनको विषयका सम्वन्धमा यस कार्यालय निष्कृय बसेको होइन। तसर्थ, उक्त रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको मिति २०७५।९।२० को लिखित जवाफ।

७. **<u>पोखरा महानगरपालिका वडा नं.१, पोखरा महानगरपालिकाका वडा अध्यक्ष वडा समितिको कार्यालय वडा नं.६ बैदाम समेत २ जनाको लिखित जवाफः</u>**

यस अदालतको New year eve को सन्दर्भमा हुने महोत्सव मिति २०७५।९।१३ देखि मिति २०७५।९।१७ सम्म महोत्सव हुने स्थानमा कुनैपनि पटका वा आतसवाजी नपड्काउनु, पड्काउन नलगाउनु भन्ने बेहोराको आदेश अनुसार आतसवाजी नपडकाउँदा पर्यटकहरु आश्चर्यमा परेको र निरास हुन पुगेका छन्। कानून विपरितको कार्य भएमा स्थानीय सरकार, स्थानीय प्रशासनबाट नै रोकथाम हुने हुँदा कसैलाई असर नपर्ने वातावरणीय रुपमा हानी नोक्शानी नहुने गरी राज्यले जारी गरेको नियम नीतिभित्र रही स्थानीय सरकारको प्रचलित कानूनबमोजिम अनुमति एवम् स्वीकृती दिएर गरिने कार्यबाट विपक्षीको कुनै अधिकार वञ्चित हुँदैन। फेवातालको किनारामा गरिने महोत्सवले पोखराको पहिचानलाई राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमै पुर्याफउँछ तर उक्त कार्यबाट निवेदकको कुन् संवैधानिक अधिकार हनन् भयो भन्ने कुरा समेत खुल्न आउँदैन। यस निवेदनका सन्दर्भमा सम्मानीत अदालतबाट अन्तरिम आदेश जारी भइसकेको अवस्थामा उक्त रिट निवेदन दावी औचित्य नरहेकोले खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको पोखरा महानगरपालिका वडा नं.६ को लिखित जवाफ।

८. **<u>रेष्टुरण्ट एण्ड वार एशोसिएसन (रेवान) का अध्यक्ष बुधराज भुजेलको लिखित जवाफः</u>**

रेवान र अन्य सरोकारवाला संस्थाहरु मिलि विगत केही वर्षहरु देखि अङ्ग्रेजी नयाँ वर्षको पूर्वसन्ध्यामा आतसवाजी लगायतका साँस्कृतिक कार्यक्रम गरी पर्यटकलाई मनोरञ्जन दिंदै मनाएको छ। सो कार्य यस क्षेत्रको संस्कृति बनेको छ। गत साल पनि आतसवाजी रोक्न रिट निवेदन परेपनि रिट जारी भएको थिएन। यो वर्ष यस अदालतको अन्तरिम आदेशको कारणले आतसवाजी रोकिएको हुँदा आफ्नो नेपाल भ्रमण मिति लम्बाएर बसेका विदेशी तथा गाउँगाउँबाट आएका नेपालीहरु समेत निराश् हुन पुगे। विपक्षीले रिट निवेदनमा जलचर स्थलचरलाई असर गर्ने तथा वातावरण प्रदुषण गर्ने भन्ने समेतको निवेदन लेख बिना आधार प्रमाणका छन्। अष्ट्रेलिया, अमेरिका, बेलायत र जापानको क्रमशः सिड्नी, न्युयोर्क, लण्डन र टोकियो शहर तथा समुद्रमा नयाँ वर्ष उपलक्ष्यमा पटका पड्काई आतसवाजी गर्दा जलचर, थलचरलाई असर नपर्ने हुँदा पोखराको बैदाममा गरिने आतसवाजीले अन्यथा हुने कदापी हुँदैन। कानून विपरितको कार्य भएमा स्थानीय प्रशासन र पुलिस प्रशासनले कारवाही गर्ने हुँदा निवेदकको माग अनुसार आतसवाजी रोकिंदा आगामी वर्ष देखि पर्यटकको संख्या घट्दै जानेछ। अतः कानूनी दायराभित्रबाट गरिने क्रियाकलापबाट विपक्षीको कुनै अधिकार वञ्चित नगरेको हुँदा संस्थालाई विपक्षी नबनाई केवल अध्यक्षलाई मात्र विपक्षी बनाई दायर गरेको

उक्त रिट निवेदन खारेजभागी छ खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको रेवान पोखराका अध्यक्षको लिखित जवाफ।

**आदेश-खण्ड**

९. नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ आज यस इजलाश समक्ष पेश हुन आएको प्रस्तुत निवेदनको मिसिल संलग्न कागजातहरुको अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ताहरु श्री तिलक पराजुली र श्री विश्व घिमिरे र विद्वान अधिवक्ताहरु श्री रामबहादुर पौडेल र श्री सुरेन्द्र थापा मगरले पटका तथा आतसवाजी पड्काउनु विस्फोटक पदार्थ ऐन, २०१८ विपरितको कार्य भएको र सो कुरालाई विपक्षी जिल्ला प्रशासन कार्यालयको लिखित जवाफमा समेत स्वीकारेको अवस्थाले यस्तो कार्य गर्नु गर्न लगाउनु प्रचलित कानूनको विरुद्धमा हुन्छ। मध्य रातमा कर्कस आवाजमा आतसवाजी गर्दा यस क्षेत्र वरपरका मानिसहरुलाई शान्त वातावरणमा सुत्न नपाउने, झस्किने र डराउनु हुनुको साथै वन्यजन्य र चराचुरुङ्गीमा डर त्रास उत्पन्न गरी कोलाहलको वातावरण सृजना गराउँछ। विपक्षीहरुको लिखित जवाफमा अस्ट्रेलिया, बेलायत जस्ता देशहरुमा समेत New Year Eve मा आतसवाजी हुने भनेर जिकिर लिएतापनि ती देशहरु पडकाउने पटकाको गुणस्तर, त्यसले उत्पन्न गर्ने ध्वनीको आवृत्ति र सम्भावित जोखिम जस्ता विषयमा नापजाँच, गरेपछि मात्र पड्काउने गरिन्छ। नेपालमा यस प्रकृतिको प्रणाली विकास नभएको र पड्काउने पटका र आतसवाजीको गुणस्तरसमेत एकिन नहुने हुँदा यसले जैविक विविधता साँस्कृतिक सम्पदा र मानवीय स्वास्थ्य र शान्तिमा खलल पुर्यायउने हुँदा यस क्षेत्रका नागरिकको स्वच्छ वातावरणमा बस्न पाउने हक विरुद्धको हुन जान्छ। उल्लेखित फेवाताल आसपासको क्षेत्र विश्व सिमसार सूचीमा समेत सूचिकृत भएकोले यस क्षेत्रमा गरिने आतसवाजी अन्तराष्ट्रिय स्तरमै वातावरणीय संरक्षणको चासो र चिन्ताको विषय हुन जान्छ। अतः निवेदन माग बमोजिम आदेश जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नु भएको छ ।

१०. विपक्षीका तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ताहरु श्री शिवराज वाग्ले र श्री कृष्ण बहादुर थापा तथा विद्वान अधिवक्ताहरु श्री दिपक शर्मा पौडेल, श्री सन्तोष तिवारी, श्री तोयनाथ पौडेल र श्री राजेश्वर अधिकारीले हरेक अङ्ग्रेजी नयाँ वर्षको पूर्व सन्ध्यामा गरिने आतसवाजी मनोरञ्जनको एक रुप भएको र यो यस क्षेत्रको पहिचान बनेकोले पछिल्लो चरणमा एक संस्कृतिको रुपमा विकास भएको छ। गत साल पनि आतसवाजी गर्ने कार्यलाई निरन्तरता दिएको र यस वर्षमा समेत आतसवाजी हुन्छ भनेर मनोरञ्जन लिन हेर्न पर्खि बसेका विदेशी एंव पर्यटक र सो कुराको हेर्न र मनोरञ्जन लिन नेपालकै विभिन्न भू-भागबाट आएका आन्तरिक पर्यटकहरु समेत यस पटक प्रस्तुत विषयमा भएको अन्तरिम

आदेशले निराश भए। यदि वातावरणीय तथा जैविक विविधताको प्रतिकूलको कार्य हुँदो होत, अस्ट्रेलिया, युरोप र एसियाका विकसित देशहरुले यसलाई प्रतिबन्ध लगाउँथे। ती देशहरुले समेत यस प्रकारको कार्य गरी आएको देखिन्छ। आतसवाजीको क्रियाकलाप गर्दा सिमसार क्षेत्रका रहेका कुन् प्राणीलाई कति असर पर्योक, यसले वातावरण प्रदुषणमा कस्तो असर गर्दछ भन्ने कुराको कुनै प्रमाण पेश नगरी अनुमानको आधारमा निवेदन दिइएको छ। आतसवाजी गर्दा पर्यटन आवागमन बढी भई यस क्षेत्रकै आर्थिक दृष्टिमा टेवा पुग्छ भने नगर्दा यस क्षेत्रको पर्यटकीय विकासमा नकारात्मक असर पर्छ। विषेश अवसरमा यो महानगरमा हुने नियन्त्रित आतसवाजी गैरकानूनी कार्य हुने भए यसको नियन्त्रण र नियमन गर्ने जिम्मा अरुनै निकायको भएकोले यस्तो बिषयमा रिट क्षेत्राधिकार मार्फत अदालत प्रवेश गर्नु उपयुक्त होइन। यस निवेदन अनुसार अन्तरिम आदेश जारी भएको उपरोक्त अवधी समेत व्यतित भइसकेको अवस्थामा यस निवेदन खारेज गर्न उपयुक्त हुन्छ भनी बहस प्रस्तुत गर्नुभयो।

११. यसमा २०७५ सालको पुस १६, १७ अर्थात अंग्रेजी नयाँ वर्षको पूर्वसन्ध्यामा विस्फोटक पदार्थ पड्काई आतसवाजी गर्ने योजना गरेकोले सो कार्य नगर्नु गर्न नदिनु भनी विपक्षीहरुका नाउँमा अन्तरिम आदेश सहितको निषेधाज्ञा र परमादेश समेत जारी गरी पाऊँ भनी दिएको निवेदनमा यस अदालतबाट मिति २०७५।९।११ मा अन्तरिम आदेश जारी भई सो कार्य रोकिएकोले हाल सो प्रयोजन समाप्त भइसकेकोले रिट जारी गर्नुपर्ने औचित्य नदेखिंदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ।

१२. निवेदकले उठाएको विषय पुन पुन उठिरहने र यसलाई तार्किक निष्कर्षमा रुपान्तरण गर्नु पर्ने यो इजलाशले महसुस गरेको छ । अन्नपूर्णा हिम श्रृङ्खरलाको आकर्षणको रूपमा अवस्थित माछापुच्छ्रे हिमाललगायतको पोखरा उपत्यकाको प्राकृतिक सुन्दरतालाई फेवातालले आफ्नो सतहमा प्रतिबिम्बित गर्ने भएकोले यसको अनुपम सुन्दरताको स्वादन गर्न हरेक व्यक्ति लालायित हुनु स्वाभाविक भएको छ । यस हिसाबले फेवातालको पर्यावरणीय, पर्यटकीय, सांस्कृतिक र धार्मिक महत्त्व सर्वथा उल्लेख्य रहेको देखिन्छ । फेवातालको किनारमा रहेको पोखरा शहरको मुख्य आकर्षण नै फेवाताललाई मानिन्छ । फेवातालको पानीमा देखिने माछापुच्छ्रे हिमालको प्रतिबिम्ब विश्वेभरका पर्यटकलाई पोखरामा ल्याउने एउटा प्रमुख आकर्षण रहेको कुरामा विवाद छैन । यसैकारण वर्षेनी लाखौं पर्यटकहरू पोखराको भ्रमण गर्दछन् । यिनै पर्यटकहरूको पोखरा बसाई एवं भ्रमणलाई सहजीकरण गर्ने उद्देश्यले पर्यटनमा आधारित विभिन्नर व्यवसायबाट हजारौं मानिसहरूले रोजगारी प्राप्तउ गरेका छन् भने राज्यले समेत कर एवं विदेशी रकम आर्जनसमेत गरेको छ ।

१३. फेवातालको अर्को मुख्य महत्त्व पर्यावरणीय सन्तुलन पनि रहेको देखिन्छ । पर्यावरण ती सबै भौतिक, रासायनिक एवं जैविक कारकहरूको समष्टिगत इकाई हो जसले सबै जीवधारी वा पारिस्थितीय प्रणालीको बासिन्दालाई प्रभावित गर्दछ तथा उनीहरूको जीवनरूप र जीवनशैली निर्धारण गर्दछ । यो मानव जीवनलाई प्रभावित गर्ने सबै जैविक र अजैविक तत्त्व, तथ्य र घटनाहरूको समुच्चयबाट निर्मित इकाई हो । यो मानव जातिको वरिपरि चारैतिर रहन्छ र मानव जीवनको सबै घटना यसैभित्र सम्पादित हुन्छन् । मानिसले आफ्ना हरेक क्रियाकलापबाट पर्यावरणलाई प्रभावित गर्ने भएकोले पर्यावरण र जीवधारीका बीच अन्योन्याश्रित सम्बन्ध रहन्छ । मानव आफैं पनि एक प्रकारको जीवधारी भएकोले मानवको अस्तित्व बचाई राख्न् पर्यावरणको एक अभिन्नक अङ्गको रूपमा रहने तत्त्व पानी अति नै आवश्यक भएको तथ्यमा विवाद हुन सक्दैन ।

१४. फेवातालको सम्बन्धमा गरिएका पूर्व अध्ययन प्रतिवेदनहरूमा फेवातालको क्षेत्रअन्तर्गत जलक्षेत्र, दलदले सिमलगायत केही पर्ती जमिनसमेत रहेको देखिएको हुँदा फेवाताल र यस वरिपरिको क्षेत्र सिमसार क्षेत्रअन्तर्गत पर्ने नै देखिन्छ । यस्ता सिमसारयुक्त तालहरूको वातावरणीय, आर्थिक, धार्मिक, सांस्कृतिकसमेतका बहुआयामिक महत्त्व रहेको हुन्छ । प्राकृतिक रूपमा बनेका वा मानव निर्मित तालहरू प्रत्यक्ष रूपमा त्यहाँ वरिपरि बसोबास गर्ने बासिन्दा, जलचर, स्थलचर, जीवजन्तुलगायतको जीवनको आधारको रूपमा रहेका हुन्छ न । ताल तलैयाबाट मानव मात्रले लाभ पाउने नभई यसबाट अन्य विभिन्नस जीवजन्तु , चराचुरूङ्गी तथा वनस्पतिको जीवनचक्र चलिरहेको हुन्छ । त्यसकारण फेवाताललगायतका प्राकृतिक तालतलैयाहरूलाई केबल मानवको जीवनका लागि होइन , त्यस क्षेत्रमा आस्रित समग्र जीवजन्तु, वनस्पतिको अस्तित्वसँग सम्बन्धित पर्यावरणीय सन्तुलनको कडीको रूपमा बुझ्नुपर्ने हुन्छ । नेपालमा पाइने ८८४ प्रजातिका चरामध्ये ४६० प्रजातिका चरा फेवातालको आसपास पाइन्छ । **CITES** महासन्धिमा सूचीकृत भएका नेपालमा पाइने १६८ प्रजातिका चराहरूमध्ये ४० प्रजातिका चराहरू फेवातालको आसपासमा पाइन्छन् । यी मध्ये संकटमा परेका १५ प्रजातिका चरा फेवाताल वरिपरि नै छन् भन्ने चराविज्ञ (**Ornithologist**) हेम सागर बरालको लामो समयको अनुसन्धानको निष्कर्ष रहेको देखिन्छ । **ने का प २०७५ नि नं १००८६**

१५. यसरी हेर्दा फेवातालमा निर्भर रहेका चराहरूको संख्या पनि अत्याधिक देखिएको र उक्त चराहरूको अस्तित्व फेवातालसँग गाँसिएको भन्ने कुरामा विवाद छैन। चराबाहेक, फेवाताल जस्तो पानीको स्रोत रहेको क्षेत्रमा विभिन्ने किरा , फटयाङ्ग्रा, माछालगायत अन्य जीवजन्तुसमेत आश्रित भई बाँचेका हुन्छन् । यी तमाम जीवजन्तु , किरा, फटयाङ्ग्राबाट पर्यावरणीय सन्तुलन कायम भइरहेको हुन्छ । यसले पोखरा उपत्यकाको समग्र मानव , जीवजन्तु, वनस्पतिको जीवनचक्र र अस्तित्वलाई सन्तुलनमा राखी जैविक विविधता र

प्राकृतिक सौन्दर्यका साथै पर्यावरण चक्रको एउटा जीवन्त अवयवका रूपमा भूमिका खेलेको देखिन आउँछ।

१६. यसरी फेवाताल पोखरा उपत्यका एवं आसपासका क्षेत्रको लागि एउटा महत्त्वपूर्ण जलस्रोतको भण्डार मात्र नभई पर्यावरण सन्तुलन , पर्यटन, धर्म संस्कृतिसमेतको अजस्र निधि देखिन्छ । यस्तो बहुआयामिक धरोहरमा हुने नकारात्मक असरबाट मानवलगायत यस क्षेत्रकै समस्त जीवजन्तु एवं वनस्पतिको अस्तित्वमा पनि संकट उत्पन्नय हुन सक्ने कुरालाई इन्कार गर्न सकिँदैन । फेवातालको पानीमा निर्भर हुने जैविक जीव र तिनका प्रजातिहरू लोप हुने वा स्थानान्तरण भई अन्त जाने हुँदा यसबाट मानव जीवनमा समेत नकारात्मक असर पर्न जाने कुरामा समेत द्विविधा छैन ।

१७. यी स्थापित तथ्यहरुको परिप्रेक्षमा निवेदकले माग दावी गरेको बिषयतर्फ बिचार गर्दा १ जनवरी को पूर्व सन्ध्यामा वडो आततायी आवाज आउने गरी बिष्फोटक पदार्थ पड्काई आतसवाजी गर्ने योजना बनाएको त्यसरी आतसबाजी गर्दा फेवातालमा रहेका जलचर र सिमसार क्षेत्रमा रहेका पंक्षी प्राणीहरु तथा रानीवनका संवेदनशिल र अप्राप्य जनावरहरुलाई दुष्प्रभाव पर्ने हुँदा त्यस्तोकार्यमाथी रोक लगाउनु पर्ने भन्ने दावी रहेको देखिन्छ ।अष्ट्रेलिया, अमेरिका, बेलायत र जापानको क्रमशः सिड्नी, न्युयोर्क, लण्डन र टोकियो शहर तथा समुद्रमा नयाँ वर्ष उपलक्ष्यमा पटका पड्काई आतसवाजी गर्दा जलचर, थलचरलाई असर नपर्ने हुँदा पोखराको बैदाममा गरिने आतसवाजीले अन्यथा हुने कदापी भन्ने रेवान पोखराका अध्यक्षको लिखित जवाफ रहेको देखिन्छ । यस सन्दर्भमा ती देशहरुमा पडकाउने पटकाको गुणस्तर, त्यसले उत्पन्न गर्ने ध्वनीको आवृत्ति र सम्भावित जोखिम जस्ता विषयमा नापजाँच, गरेपछि मात्र पड्काउने गरिन्छ। नेपालमा यस प्रकृतिको प्रणाली विकास नभएको र पड्काउने पटका र आतसवाजीको गुणस्तरसमेत एकिन नहुने हुँदा यसले जैविक विविधता साँस्कृतिक सम्पदा र मानवीय स्वास्थ्य र शान्तिमा खलल पुर्यायउने हुँदा यस क्षेत्रका नागरिकको स्वच्छ वातावरणमा बस्न पाउने हक विरुद्धको हुने भन्ने निवेदकहरुकोतर्फबाट रहनु भएका बिद्वानहरुले प्रस्तुत गर्नु भएको बहस मननिय देखिएको छ ।

१८. यस सन्दर्भमा पड्काउने पटकाको गुणस्तरसमेतको कानूनी व्यवस्था रहेको छिमेकी मुलुक भारतको "Environment Protection Act, 1986 and the Environment Protection Rule, 1986 and 1999 (amendment) rules" **ले** "The manufacture, sale or use of firecrackers generating noise level exceeding 125 dB(AI) or 145 dB(C) pk at 4 meters distance from the point of bursting shall be prohibited." भनी व्यवस्था गरेको देखिन्छ । भारतको Hazardous waste मा काम गर्ने गैर सरकारी संस्था **Toxics Link** ले केही **sparklers** फुलझरी र अनार को Bombay Natural History Society Laboratory, Mumbai मा गराएको रासायनिक परिक्षणमा highly toxic heavy metals like cadmium and lead in addition to

other metals like copper, manganese, zinc, sodium, magnesium र potassium फेला परेको थियो । यीनको स्वास्थ्यमा पर्ने प्रभाव निम्न रुपमा रहने भन्ने **24 December 1999** को **LEAD Group Incorporated** नामक संस्थाको **MEDIA RELEASE** बाट देखिएको छ र सो अन्यथा भएको भनी कतैबाट सुनिन आएको छैन ।

**Harmful effects of Chemicals Used in Crackers:**[1]

१९. **U.S. Geological Survey and National Park Service**ले सन २०११ देखी २०१५ सम्म गरेको एक अध्ययनमा **fireworks** गरिएका १०६ स्थानको पानीको नमुना र११ स्थानको माटोको नमुनामा **perchlorate** र **metal** को अंश भेटिएको छ । **Canada** को **Lake Huron and Lake Erie, Hamilton Harbor** मा **perchlorates** को अंश पाइएको छ । **California** मा सन **2006,**मा **SeaWorld San Diego** को आतसबाजी मुद्दा परेर रोक नै लगाईएको थियो । **Hawaii** को **Pearl City,** मा आतसबाजीको कारणले वायुको गुणस्तरमा ह्रास आएका प्रतिवेदनहरुबाट देखिएका छन[2]। **LEAD Group Incorporated** नामक संस्थाले आफ्नो एक प्रतिवेदनमा उल्लेख गरेको निम्न कुराहरुले पनि **Fireworks** को मानव र जलचरमा पर्ने प्रभावलाई आकलन गर्न सकिन्छ

> **Fireworks contain chemicals that can be harmful to humans and aquatic life. Research suggests that the potential exists for short-term elevated concentrations of these chemicals in surface water, groundwater and the air immediately following larger commercial fireworks displays. At this time, there is no information available about the potential negative impact of consumer-grade fireworks displays on surface waters. However, it is reasonable to expect that a small but unknown amount of contaminants reach the surface water. Best management practices offer solutions to minimize these potential impacts.**

२०. **American Chemical Society** को **May 28, 2007** मा प्रकाशित एक प्रतिवेदनले **fireworks** को अघी र पछी **Oklahoma lake** मा गरेको अध्ययनले **perchlorate contamination** भएको देखिएको छ । **Jody Connor Limnology Center** का निर्देशक **David Neils** ले **Although these fireworks displays are expected to produce a sense of awe among viewers, they are also expected to produce a lot of debris that will scatter around the area surrounding the shows. If debris is not cleaned up from the surrounding land and lakes, it has the potential to negatively affect the wildlife and water quality in the Lakes Region,** भनेका छन । **New Hampshire Department of Environmental Services** बाटप्काशित प्रतिवेदनमा **A common chemical that is released in fireworks is**

[1] Source: Hazardous Chemicals Desk Reference, N. Irving Sax and Richard J. Lewis
[2] Public Health Reports, July – August 2012, Volume 127, Pg. 440-450.

**ammonium perchlorate, which is known to contaminate ground and surface waters, and can cause harm to aquatic creatures residing in the lake.** उल्लेख भएको देखिन्छ ।

२१. अध्ययनहरुले ठुलो आवाजमा भएको आतसवाजीले जंगली जिवहरुमा पनि प्रतिकुल असर पर्ने भनी देखाएका छन [3]। आतसवाजीको आवाजले चराहरु कहिलेकाँही मर्ने अवस्थासम्म पनि पुग्दछन भन्ने देखिएको छ[4]। " **The LEAD Group** का **O'Brien** को भनाई मार्मिक छ " **It's enough to make you want to stay home on New Years Eve, but what about the fish in the harbour? - they don't have a choice,"**

२२. यी तथ्य तथा बिश्लेषणबाट निवेदकले उठाएको जैविक विविधता साँस्कृतिक सम्पदा र मानवीय स्वास्थ्य र शान्तिमा खलल पुर्या०उने विषय हृदयंगम गरी पोखरा र फेवातालको सौन्दर्य, फेवाताल र वरपरको जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण र संवेदनशिल भएको परिप्रेक्ष्यमा अंग्रेजी नयाँ वर्षको पूर्व सन्ध्यामा गरिने अतिसवाजीलाई नियमित गर्नुपर्ने, पर्यावरणलाई प्रतिकूल असर पर्न दिन नहुने, यस क्षेत्रको जैविक विविधता र विविध प्रजाती **Flora fauna** को **habitat** लाई प्रतिकूल असर पर्न दिन नहुने अवस्थासमेतलाई ध्यानमा राखी कुन् स्तरसम्मको ध्वनी र अन्य निष्काशन, माछा चरा लगायतका प्रजातीहरुका लागि सहनयोग्य र **Caring Capacity** भित्रको छ भनी सरोकारवाला पक्षसँगको छलफल समेत गरी विज्ञहरुबाट असोज मसान्तसम्म अध्ययन गराई सो अध्ययनको एक प्रति यस अदालतमा समेत पठाउने भनी तथा सो अध्ययनबाट देखिन सक्ने सीमा भित्र रही कानूनबमोजिमको अनुमति लिई मात्र अतिसवाजी गर्ने कार्य गर्नु गराउनु भनी पोखरा महानगरपालिका तथा रेवान(रेष्टुरेन्ट एण्ड बार एसोसियसन नेपाल ) पोखराका नाममा निर्देशनात्मक आदेश समेत जारी गरिदिएको छ।सो अध्ययन कार्यको अनुगमन यस अदालतका रजिष्ट्रारले गर्ने र सो बेहोराको जानकारी निवेदक र विपक्षीहरुलाई दिनु।

<u>**तपसील**</u>

पोखरा महानगरपालिका तथा रेवान पोखराका नाममा निर्देशनात्मक आदेश समेत जारी भएको हुँदा यो आदेशको प्रतिलिपि बिपक्षीहरुलाई दिनु......................................१

[3] Research studies show that the loud sounds of fireworks do have an adverse effect on wild animals as well as domestic animals. The noise from fireworks causes a great amount of fear, stress and anxiety in wild animals. This fear often causes them to flee into roadways which results in more vehicle damage (from large animals such as deer) and an increase in dead animals. During times of widespread fireworks use, the Shelter receives an increase in calls from the public reporting wildlife on the roads and wildlife being seen in unusual areas.

[4] Other documented effects include nesting birds and other small mammal parents abandoning their nests leaving their defenseless babies behind. The panic can sometimes cause so much disorientation that wildlife parents cannot locate their nests and their babies die. Panic and disorientation from fireworks noise has also resulted in birds flying into windows and buildings, or too far out to sea to escape the noise. Waterfowl become entangled in remnants of large fireworks, or ingest pieces, and scavenging animals (both birds and mammals) ingest debris, usually resulting in death.

प्रस्तुत आदेशको प्रतिलिपी साथै राखी आदेशको जानकारी उच्च सरकारी वकिल कार्यालय पोखरालाई दिनू...........................................................................................२

प्रस्तुत आदेश नक्कल माग्न आएमा सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनू ...........३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी आदेशको विद्युतीय प्रति कम्प्युटरमा अपलोड गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाइदिनू .....................................................४

**(विनोदप्रसाद शर्मा)**
**न्यायाधीश**

**उक्त रायमा सहमत छु।**

**(तेजबहादुर कार्की)**
**न्यायाधीश**

**इजलाश अधिकृत: मोहन रायमाझी**
**कम्प्युटर अपरेटरः झलकराज पौडेल**
***इति सम्वत २०७६ साल बैशाख २५ गते रोज ४ शुभम्..................................***